नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय बेलबारी

मोरङ ।
(प्रशासन तथा मुद्दा शाखा)

Email : belbari@dolma.gov.np
प्रदेश नं १, नेपाल ।

मिति : २०७९/०८/२०

प.सं : ०७९/८०
चलानी नं : ४४८६

**बिषय : भू-सेवा केन्द्र संचालन अनुमति लिने सम्वन्धमा ।**

श्री सुन्दरहरैचा नगरपालिका विराटचौक
श्री उर्लावारी नगरपालिका उर्लावारी ।
श्री बेलवारी नगरपालिका बेलबारी ।
श्री पथरी शनिश्चरे नगरपालिका पथरी ।
श्री सुनवर्षी नगरपालिका डाईनिया ।
श्री रतुवामाई नगरपालिका सिजुवा ।
श्री लेटाङ नगरपालिका लेटाङ
श्री केरावारी गाउँपालिका केरावारी ।
श्री कानेपोखरी गाउँपालिका कानेपोखरी ।
श्री मिक्लाजुङ गाउँपालिका मधुमल्ला ।

प्रस्तुत विपयमा भू-सेवा केन्द्र संचालन अनुमति लिने सम्वन्धी यस कार्यालयवाट मिति २०७९/०८/२० गते प्रकाशित ३० (तिस) दिने सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको छ । उक्त सूचना टाँस गरी सो को जानकारी पठाई दिनु हुन अनुरोध छ ।

कानेपोखरी गाउँपालिका
दर्ता नं. १०१८
दर्ता मिति २०७९/०९/०५

कार्यालयको सूचना पाटी, Website मा Facebook Page, मा सूचना टाँस गरी र सूचना पठाईएर सो बारे जानकारी गराउन पठाउने

श्री मालपोत कार्यालय बेलवारीको भू-सेवा केन्द्र संचालन गर्न अनुमति लिने सम्बन्धी

# सूचना ! सूचना !! सूचना !!!

*प्रथम पटक प्रकाशित मिति: २०७९।०८।२०*

भू-सेवा केन्द्र स्थापना तथा संचालन गर्नका लागि मालपोत नियमावली २०३६ को नियम २३(क) र २३(ख) तथा भू-सेवा केन्द्र संचालन निर्देशिका, २०७६ (संशोधन) बमोजिम चाहिने योग्यता पुगेका तपशिल बमोजिमको भौतिक पूर्वाधार पूरा भएका ईच्छुक व्यक्ति, संस्था तथा स्थानीय तहले अनुमति लिनका लागि देहाय बमोजिमको योग्यता तथा पूर्वाधार पूरा गरी मिति २०७९।०८।२० गते देखि मिति २०७९।०९।२० गते सम्ममा अनलाईन मार्फत http://public.dolma.gov.np मा निवेदन पेश गर्न हुन र सो संग सम्बन्धित सक्कल कागजातहरु अनलाईन निवेदन पेश गरेको मितिले ७ (सात) दिन भित्र अनुसुची -१ बमोजिमको निवेदन सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

आवश्यक शैक्षिक योग्यता/कागजपत्र

| व्यक्तिको हकमा | संस्थाको हकमा | कानुन व्यवसायी तथा लेखापढीको लागि |
|---|---|---|
| क. नेपाली नागरिक भएको,<br>ख. अठार वर्ष उमेर पुरा भएको<br>ग. कम्प्युटर विषय लिई कम्तिमा १०+२ (दश जोड दुई) वा सो सरह उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तिमा ६ महिनाको तालिम प्राप्त गरी प्रमाणपत्र प्राप्त गरेको,<br>घ. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर (PAN) लिएको,<br>ङ. भू-सेवा केन्द्र संचालनको लागि कम्प्युटर, प्रिन्टर, पावर ब्याकअप सिस्टम, स्क्यानर, भू-सूचना प्रणालीसंग कम्प्याटिवल हुने बायोमेट्रिक डिभाईस, वेभ क्यामरा तथा दस्तखत मेशिन भएको,<br>च. कम्तिमा २ MBPS को Internet Connectivity भएको,<br>छ. नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषि प्रमाणित नभएको,<br>ज. सेवाग्राही मैत्री कार्यकक्ष | क. प्रचलित कानून बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भई दर्ता प्रमाणपत्र प्राप्त गरेको,<br>ख. नेपाली नागरिकले स्थापना तथा संचालन गरेको,<br>ग. संस्थामा काम गर्ने कम्तिमा एक जना जनशक्तिको योग्यता कम्प्युटर विषय लिई १०+२ (दश जोड दुई) वा सो सरह उतिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तिमा ६ महिनाको तालिम प्राप्त गरी प्रमाणपत्र प्राप्त गरेको,<br>घ. प्रचलित कानून बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर (PAN) लिएको,<br>ङ. कर चुक्ताको प्रमाणपत्र भएको,<br>च. भू-सेवा केन्द्र संचालनको लागि कम्प्युटर सेट, प्रिन्टर, पावर ब्याकअप सिष्टम, स्क्यानर, भु-सूचना प्रणालीसंग कम्प्याटिवल हुने बायोमेट्रिक डिभाईस, वेव क्यामरा तथा दस्तखत मेशिन भएको, कम्तिमा २/२ MMPS (download & upload) को Internet Connectivity भएको,<br>छ. सेवाग्राही मैत्री कार्यकक्ष | क. कानून व्यवसायी तथा लेखापढी व्यवसायीको प्रमाणपत्र भएको,<br>ख. नेपाली नागरिक,<br>ग. प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर (PAN) लिएको,<br>घ. भु-सेवा केन्द्र संचालनको लागि कम्प्युटर सेट, प्रिन्टर, पावर ब्याकअप सिष्टम, स्क्यानर, भु-सूचना प्रणालीसंग कम्प्याटिवल हुने बायोमेट्रिक डिभाईस, वेव क्यामरा तथा दस्तखत मेशिन भएको, कम्तिमा २ MMPS (download & upload) को Internet Connectivity भएको,<br>ङ. सेवाग्राही मैत्री कार्यकक्ष |

CamScanner

# दस्तुर र धरौटी सम्बन्धी व्यवस्था

| व्यक्तिको हकमा | संस्थाको हकमा | स्थानीय तहको हकमा |
|---|---|---|
| क. निवेदन दस्तुर रु.३०००।०० (तिन हजार) मात्र (राजश्व जम्मा गर्ने : राष्ट्रिय वाणिज्य बैंक, कार्यालय कोड : ३३६०११३०२, स्थायी लेखा नं : २०१३६८३३८, राजश्व शिर्षक नं : १४२१३<br>ख. धरौटी रकम जम्मा गर्ने : कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरंगको धरौटी खाता नं. ०६०१६०१०१४०७००४५ मा जम्मा गर्ने कार्यालय मालपोत कार्यालय बेलबारी, जम्मा हुने बैंक : कृषि विकास बैंक (कार्यालय कोड नं. ३३६०११३०२) धरौटी रकम रु ५०,०००।०० (पचास हजार मात्र) जम्मा गरेको सक्कल भौचर, जम्मा गर्ने व्यक्तिको नाम र फोन नं अनिवार्य लेखु पर्नेछ ।<br>ग. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्नको लागि सम्बन्धित कार्यालयमा रु.५००।– (पाँच सय) दस्तुर बुझाउनु पर्नेछ ।प्रत्येक दश वर्षमा रु एक सय दस्तुर लिई नविकरण गर्नु पर्नेछ । उक्त नविकरण नगरेमा स्वत : निस्कृय हुनेछ । | क. निवेदन दस्तुर रु.५०००।०० (पाँच हजार) मात्र, (राजश्व जम्मा गर्ने : राष्ट्रिय वाणिज्य बैंक, कार्यालय कोड : ३३६०११३०२, स्थायी लेखा नं : २०१३६८३३८, राजश्व शिर्षक नं : १४२१३<br>घ. ख.धरौटी रकम जम्मा गर्ने : कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरंगको धरौटी खाता नं. ०६०१६०१०१४०७००४५ मा जम्मा गर्ने कार्यालय मालपोत कार्यालय बेलबारी, जम्मा हुने बैंक : कृषि विकास बैंक (कार्यालय कोड नं. ३३६०११३०२) धरौटी रकम रु २००,०००।०० (दुई लाख मात्र) जम्मा गरेको सक्कल भौचर, जम्मा गर्ने व्यक्तिको नाम र फोन नं अनिवार्य लेखु पर्नेछ । | क. भु- सेवा केन्द्र संचालनको लागि अनुमति लिन कुनै पनि दस्तुर तथा धरौटी रकम र नविकरण दस्तुर लाग्ने छैन तर प्रत्येक आ.ब.मा संचालन अनुमति नविकरण गराउनु पर्नेछ । पूर्वाधार तयार (कम्प्युटर सेट, प्रिन्टर, पावर ब्याकअप सिष्टम, स्क्यानर, भु-सूचना प्रणालीसंग कम्प्याटिवल हुने बायोमेट्रिक डिभाईस, वेव क्यामरा तथा दस्तखत मेशिन भएको, कम्तिमा २ MMPS (download & upload) को Internet Connectivity) भएको हुनु पर्नेछ,<br>ख. साधारण प्रयोगकर्ता र पटके प्रयोगकर्ताको हकमा प्रयोगकर्ताको नाममा जग्गाधनी दर्ता प्रमाणपूर्जा भएको हुनु पर्नेछ । |

- निवेदन दिने वेवसाईट http://public.dolma.gov.np
- हाल विकास भई सकेको public Access Module मार्फत हाललाई कार्यालयमा पेश हुने लिखत वा भु-सेवा केन्द्र संचालनको लागि अनुमति प्राप्त व्यक्ति, संस्थाले अनलाईन फारम भरी पेश गर्न सक्ने ।
- बैंक तथा वित्तीय संस्था, सहकारी, कर्मचारी संचयकोष, नागरिक लगानीकोष जस्ता संस्थाहरुले धितो बन्धक रोक्का/फुकुवा प्रयोजनका लागि मात्र आफ्नो प्रधान कार्यालय रहेको भित्रको मालपोत कार्यालयमा अनलाइन निवेदन पेश गरी अनुमति प्राप्त गर्नु पर्नेछ र प्रधान कार्यालयले यसरी अनुमति प्राप्त गरेपछि आवश्यकतानुसार आ-आफ्ना शाखा कार्यालयहरुलाई User वितरण गर्न सक्नेछ ।
- अनुमति पत्र नविकरण गराउन चाहने भू - सेवा केन्द्र संचालन गर्ने व्यक्ति वा संस्थाले अनुमति पत्रको अवधि समाप्त हुनु अगावै भू संचालन केन्द्र संचालन निर्देशिका २०७६ को दफा ८ बमोजिमको प्रक्रिया पूरा गरी कार्यालय समक्ष निवेदन पेश गर्नु पर्ने छ ।
- अन्य थप जानकारीका लागि भूमि व्यवस्थापन तथा अभिलेख विभागको Website: www.dolma.gov.np, यस कार्यालयका सूचना अधिकारी (मोहन सिंह दर्जी -९८४२५२७६६०) र प्रशासन शाखा संग सम्पर्क गर्न सकिने छ ।

भानुभक्त न्यौपाने
प्रमुख मालपोत अधिकृत

CamScanner